# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग

## कार्यक्षमता मुल्याङ्कनद्वारा हुने बढुवा पदपूर्ति सम्बन्धी सूचना नं. ३/२०७८-०७९

(प्रथम पटक प्रकाशितः मितिः २०७८/११/२७)

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक-नर्सिङ्ग, प्राविधिक र प्रशासन तर्फका विभिन्न सेवा, समूह र उपसमूहमा सम्मानीत लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम रिक्त रहेका तपोशिल बमोजिमका पदहरु कार्यक्षमता मुल्याङ्कनद्वारा हुने बढुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा समूहमा सहायक तहको हकमा कम्तीमा ३ (तिन) वर्ष र अधिकृत तहको हकमा कम्तीमा ४ (चार) वर्ष स्थायी सेवा अवधि पूरा गरी प्रतिष्ठानको नियमावली बमोजिम तोकिएको योग्यता पुगेका एक तह मुनिका उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति २०७८/१२/१७ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०७८/१२/२४ गते सम्ममा अनलाईन दरखास्त आव्हान गरिन्छ । तोकिएको म्याद भित्र अनलाईन अपलोड नभएको र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुनेछैन । झुठा विवरण उल्लेख गरेको वा पेश गरेको पाईएमा सोको जवाफदेही उम्मेदवार स्वयम् हुनेछ । दरखास्त पेश गर्ने अन्तिम मिति २०७८/१२/१७ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, काउन्सिल दर्ता प्रमाणपत्र, तालिम, अनुभव र सेवा अवधि मान्य हुने छैन ।

अनलाई दरखास्तको साथमा निम्न लिखित कागजातहरुको Scan Copy अनलाईन मार्फत नै अपलोड गर्नुपर्नेछ ।

- दुवै तर्फको प्रष्ट बुझिने गरी नेपाली नागरिकताको प्रमाण-पत्र
- विज्ञापित पद/तहको लागि प्रवेशिका र सो देखि माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क (Transcript) पत्र र चारित्रिक (Character) प्रमाणपत्र ।
- विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र
- काउन्सिल दर्ता प्रमाण-पत्र आवश्यक हुने पदहरुको हकमा सम्बन्धित व्यवसायिक काउन्सिलमा नाम दर्ता भएको प्रमाण-पत्र
- प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ वर्ष र सहायक तहको हकमा ३ वर्ष स्थायी सेवा अवधि पुगको भनी सम्बन्धित विभाग/स्कूल प्रमुखले गरेको प्रमाणित सिफारिस पत्र
- दुवै कान देखिने गरी हालसालै खिचिएको पासपोर्ट साईजको फोटो
- उम्मेदवारको दस्तखतको डिजिटल (image/jpg/jpeg/png) कपी अपलोड गर्ने
- दरखास्त दस्तुर भुक्तानीको लागि दरखास्तको Apply Tab भित्र गई connect IPS मार्फत प्रतिष्ठानको खातामा बुझाउनुपर्नेछ
- अनलाईन आवेदनको लागि वेभसाइट https://www.pahs.edu.np कार्यक्षमता मुल्यांकनको Link मा गई दरखास्त पेश गर्न सकिनेछ
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (छैठौं संशोधन) को नियम ३८ को बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने व्यवस्था अनुसार दरखास्त पेश गर्न पाउने छैन ।
- कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ र सूचनामा उल्लेख भएको योग्यता नपुगेको दरखास्त जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ ।
- अन्य विस्तृत जानकारी सेवा आयोगको वेभसाइट https://www.pahs.edu.np मा हेर्न र पढ्न सकिनेछ ।

| क्र सं | विज्ञापन नम्बर | पदको नाम | सेवा | समूह | उपसमूह | तह | माग पद संख्या | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४३/०७८-७९ | सह-प्राध्यपक | प्राज्ञिक | औषधि विज्ञान | | १० | १ | २००० | सम्बन्धित विषयमा स्नातकोत्तर |
| २ | ४४/०७८-७९ | प्राध्यापक | प्राज्ञिक नर्सिङ्ग | नसिङ्ग | Psychiatry | ११ | २ | २५०० | सम्बन्धित विषयमा स्नातकोत्तर |
| ३ | ४५/०७८-७९ | सह-प्राध्यपक | प्राज्ञिक नर्सिङ्ग | नसिङ्ग | Adult Health | १० | १ | २००० | MN in Adult Health |
| ४ | ४६/०७८-७९ | सह-प्राध्यपक | प्राज्ञिक नर्सिङ्ग | नसिङ्ग | Community Health | १० | १ | २००० | MN in Community Health |

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ४७/०७८-७९ | सह-प्राध्यपक | प्राज्ञिक नर्सिङ्ग | नसिङ्ग | Child Health | १० | १ | २००० | MN in Child Health |
| ६ | ४८/०७८-७९ | सह-प्राध्यपक | प्राज्ञिक नर्सिङ्ग | नसिङ्ग | Hospital Midwifery | १० | १ | २००० | MN in Advanced Women Health |
| ७ | ४९/०७८-७९ | सहायक प्राध्यापक | प्राज्ञिक नर्सिङ्ग | नसिङ्ग | Hospital Midwifery | ९ ख | १ | १६०० | MN in Advanced Women Health |
| ८ | ५०/०७८-७९ | सहायक प्राध्यापक | प्राज्ञिक नर्सिङ्ग | नसिङ्ग | Community Midwifery | ९ ख | १ | १६०० | MN in Community Midwifery |
| ९ | ५१/०७८-७९ | सहायक प्राध्यापक | प्राज्ञिक नर्सिङ्ग | नसिङ्ग | Adult Health Nursing | ९ ख | १ | १६०० | MN in Adult Health |
| १० | ५२/०७८-७९ | वरिष्ठ प्रशिक्षण सहायक | प्राज्ञिक नर्सिङ्ग | नसिङ्ग | | ८ | ३ | १४०० | सम्बन्धित बिषयमा स्नातक |
| ११ | ५३/०७८-७९ | सिनियर रजिष्ट्रार | प्राविधिक | दन्त चिकित्सा | | ९ ख | १ | १६०० | सम्बन्धित बिषयमा स्नातकोत्तर |
| १२ | ५४/०७८-७९ | सिनियर सुपरभाइजर | प्राविधिक | नसिङ्ग | | ९ ख | १ | १६०० | सम्बन्धित बिषयमा स्नातकोत्तर |
| १३ | ५५/०७८-७९ | जुनियर सुपरभाइजर | प्राविधिक | नसिङ्ग | | ८ ख | १ | १४०० | सम्बन्धित बिषयमा स्नातक |
| १४ | ५६/०७८-७९ | सिनियर स्टाफ नर्स | प्राविधिक | नसिङ्ग | | ७ | २ | १४०० | सम्बन्धित बिषयमा स्नातक |
| १५ | ५७/०७८-७९ | वरिष्ठ पुस्तकालय सहायक | प्राविधिक | पुस्तकालय | | ६ | १ | १००० | + 2 / प्रमाणपत्र तह उत्तिर्ण गरी पुस्तकालय बिषयमा तालिम |
| १६ | ५८/०७८-७९ | जुनियर प्रशासन अधिकृत | प्रशासन | सामान्य प्रशासन | | ७ | १ | १४०० | स्नातक |
| १७ | ५९/०७८-७९ | जुनियर लेखा अधिकृत | प्रशासन | आर्थिक प्रशासन | | ७ | १ | १४०० | व्यवस्थापन बिषयमा स्नातक |
| १८ | ६०/०७८-७९ | प्रशासन सहायक | प्रशासन | सामान्य प्रशासन | | ६ | ४ | १००० | + 2 / प्रमाणपत्र तह |
| १९ | ६१/०७८-७९ | लेखा सहायक | प्रशासन | आर्थिक प्रशासन | | ६ | १ | १००० | व्यवस्थापन बिषयमा + 2 / प्रमाणपत्र तह |

**आवश्यक थप योग्यता :**

**सह-प्राध्यापक** (४३/०७८-७९, औषधि विज्ञान):- (क) कम्तीमा चार बर्षसम्म सहायक प्राध्यापक भई काम गरेको, (ख) सम्वन्धित बिषयमा कम्तीमा चारवटा लेख वैज्ञानिक जर्नलमा प्रकाशन गरेको जस्मा सहायक प्राध्यापक भई कम्तीमा तीन प्रकाशनमा मुख्य लेखकको रुपमा रहेको । (ग) सहायक प्राध्यापक पदमा कार्य गर्दा अध्यापन सीप तथा नेतृत्व क्षमतामा उच्च मूल्याङ्कन रहेको, (घ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

**प्राध्यापक:** (४४/०७८-७९, नसिङ्ग):- (क) सह-प्राध्यापक पदमा कम्तीमा पाँच बर्ष काम गरेको, (खं सम्बन्धित बिषयमा कम्तीमा पाँचवटा लेख ख्याती प्राप्त वैज्ञानिक जर्नलमा नर्सिङ्ग प्रकाशन भएको जसमध्ये सह-प्राध्यापक पदमा रहँदा कम्तीमा तीनवटा प्रकाशनमा मुख्य लेखकको भूमिका रहेको, (ग) सह-प्राध्यापक पदमा रहँदा स्तरीय शिक्षण गरी प्राज्ञिक एवं व्यवसायिक नेतृत्व निर्वाह गरेको, (घ) कुशल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक तथा/वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

**सह-प्राध्यापक** (नसिङ्ग):- (क) कम्तीमा चार बर्षसम्म सहायक प्राध्यापक भई काम गरेको, (ख) सम्वन्धित बिषयमा कम्तीमा चारवटा लेख वैज्ञानिक जर्नलमा प्रकाशन गरेको जस्मा सहायक प्राध्यापक भई कम्तीमा तीन प्रकाशनमा मुख्य लेखकको रुपमा रहेको । (ग) सहायक प्राध्यापक पदमा कार्य

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## सेवा आयोग

गर्दा अध्यापन सीप तथा नेतृत्व क्षमतामा उच्च मूल्याङ्कन रहेको, (घ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

सहायक प्राध्यापक (नसिङ्ग):- (क) लेक्चरर पदमा कम्तीमा दुई बर्ष काम गरेको, (ख) सम्वन्धित बिषयमा कम्तीमा दुईवटा लेख वैज्ञानिक जर्नलमा प्रकाशन गरेको जस्मा एक प्रकाशनमा मुख्य लेखकको रुपमा भएको ।

अन्यबिषय:- सूचनामा स्पष्ट नभएका बिषय प्रतिष्ठानको कर्मचारी सेवा शर्त र सुविधा सम्वन्धी नियमावली, २०६७ बमोजिम हुनेछ । विज्ञापन सम्वन्धमा थप कुरा बुझ्नुपर्ने भएमा प्रतिष्ठान फोन नं ०१५५४५११२/०१५५४५१५२ सेवा आयोगको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

सचिव